# तानसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालयको भवन सटर भाडामा दिने सम्वन्धि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७०४।१४**

तानसेन नगरपालिका वडा नं. ६ बसपार्क र वडा कार्यालय रहेको भवनमा रहेका सटरहरु शिलवन्दी दरभाउपत्रको माध्यमबाट आगामी ५ वर्षको लागि भाडामा लगाउनु पर्ने भएकोले ईच्छूक व्यक्ति/फर्म/कम्पनीबाट तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही १५दिनको म्याद राखी यो दरभाउपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ । योग्य, ईच्छूक व्यक्ति, संघ संस्था, फर्मले निर्धारित समय भित्र दरभाउपत्र पेश गर्नहुन अनुरोध गरीन्छ ।

१. दरभाउपत्र लिन ईच्छूक संस्था/फर्म/व्यक्तिले क्रमशः नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि/फर्म दर्ता/नविकरणको प्रतिलिपि, स्थाई लेखानम्बर(प्यान)/मुल्यअभिवृद्धि कर प्रमाण पत्रको प्रतिलिपि, आ.व. २०७६/०७७ को कर चूक्ताप्रमाण प्रतिलिपि, रु.१०००। तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

२. सिलवन्दी दरभाउपत्रमा निर्धारित न्युनतम अङ्क नघट्ने गरी कबोल गरेको रकमको अङ्क र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा लेखिएको फरक परेमाअक्षरमा लेखिएकोलाई मान्यतादिईने छ ।

३. सबै भन्दा बढी रकमकबोल गर्ने दरभाउदाताको कबोल अङ्क स्वीकार गरीने छ ।

४. सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समय भित्रता.न.पा. कार्यालयबाट खरिद गरि सक्नू पर्नेछ ।

५. सिलबन्दी दरभाउपत्रको साथ आफूले कबोल गरेको अङ्कको ५ प्रतिशतले हून आउने रकम यस ता.न.पा. कार्यालयको राष्ट्रिय वाणिज्य बैंक पाल्पामा रहेको धरौटी खाता नं. ३०३०१००३०३००००४ माजम्मा गरेको सक्कलै भौचर पेश गर्नू पर्नेछ ।

६ भाडा सम्बन्धमा सम्झौताको मितिले २ वर्ष सम्म शूरुमाकबोल गरेको रकम बराबर हूने छ । तेश्रो र चौथो वर्ष दोश्रो वर्षको भाडा रकममा १० प्रतिशत थप र पाँचौ बर्षमा चौथो वर्षको भाडा रकममा १० प्रतिशत थप गरी भाडा वृद्धि गरिने छ । सटर भाडा सम्झौता र सो को नवीकरण अवधि समाप्त हुनु भन्दा ३ महिना अगावै आगामी अवधिको लागि सटर भाडाको नयाँ ठेक्का बन्दोवस्त गर्ने प्रयोजनार्थ शिलबन्दी दरभाउपत्र आव्हान गरिने छ ।

७. मासिक खपत हुने विद्यूत पानी महशुल सामान्य मर्मतको कार्य भाडावालाले नै गर्नु पर्नेछ ।

८. दरभाउपत्र स्वीकृत भए पछि सम्झौतामा सहिछाप गर्नु पूर्व ४ (चार) महिना बराबरको भाडा रकम तोकिएको खातामा अनिवार्य रुपमा दाखिला गरी भौचर पेश गर्नुपर्ने छ र यो रकम धरौटी वापत रहनेछ ।

९. जनस्वास्थ्यको दृष्टिकोणले प्रतिकूल पार्ने खालका तथा नेपाल सरकारबाट निषेध गरिएको सामान विक्रि वितरण तथा गैर कानुनीकार्यहरु गर्न पाईने छैन ।

१०. दरभाउपत्र जस्को नाममा स्वीकृत भएको छ उसैले नै व्यवसाय सञ्चालन गर्नू पर्नेछ कारण बस आफूले संचालन गर्न नसकि अन्यलाई दिनू परेमा न.पा.को पुर्व स्वीकृती अनिवार्य छ । न.पा.को स्वीकृत विना अन्यलाई दिएको पाईएमा सम्झौता स्वत रद्द हुने छ ।

११. **दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिः** सूचना प्रकाशित भएको मितिले १६औं दिन दिउँसो १२ बजे सम्म ।

१२. **दरभाउपत्र खोलिने दिनः** दरभाउपत्र दाखिला हुने दिनको २.०० बजे ।

१३. सिदवन्दी दरभाउपत्र रहेको खाम बाहिर आफ्नो नाम ठेगाना उल्लेख गर्नू पर्नेछ ।

१४. दरभाउपत्र स्वीकृत गर्ने वानगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१५. म्याद नाघि वा रित नपूगी वा कूनै शर्त उल्लेख गरीएको दरभाउपत्रउपर कुनै कारवाही हुने छैन ।

Scanned with CamScanner

१६. यस सुचनामाकुनै कुरा छुट भएमा प्रचलित कानुन बमोजिम हूनेछ ।

<u>दरभाउपत्र विवरण</u>

| क.स. | सटर नं. | ठेक्का नं. | न्युनतममासिक भाडा दर | अवधि |
|---|---|---|---|---|
| १ | ब्सपार्कमा रहेको पुरानो भवनको सटर नं. १ | ER/०१/२०७८/०७९ | १३७५०।०० | ५ बर्ष |
| २ | ब्सपार्कमा रहेको नया भवन पुरै | ER/०२/२०७८/०७९ | २९७००।०० | ५ बर्ष |
| ३ | वडा ६ को कार्यालय रहेको भवनको सटर नं. १ | ER/०३/२०७८/०७९ | ४०००।०० | ५ बर्ष |
| ४ | वडा ६ को कार्यालय रहेको भवनको सटर नं. २ | ER/०३/२०७८/०७९ | ४०००।०० | ५ बर्ष |
| ५ | वडा ६ को कार्यालय रहेको भवनको सटर नं. ३ | ER/०३/२०७८/०७९ | ४०००।०० | ५ बर्ष |

विस्तृत जानकारीको लागितानसेन नगरपालिका कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

नगर कार्यपालिकाको कार्यालय तानसेन नगरपालिका तानसेन, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

..................................
तानसेन नगरपालिकाकार्यालय